**INTELLECTUAL INCEPTION: A Multidisciplinary Research Journal of Bhojpur Campus**
(Peer Reviewed)
ISSN: 2990-7934, Volume 3, Issue 1, June 2025, pp 1-16
Published by Research Management Cell (RMC), Bhojpur Multiple Campus, Bhojpur
E-mail: rmcbhojpur@gmail.com

# ‘बाटो’ कथामा सङ्कथन निर्मिति

अनिल अधिकारी
उपप्राध्यापक, नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
बेनुबहादुर कार्की
शिक्षण सहायक, नेपाली विभाग, भोजपुर बहुभुखी क्याम्पस, भोजपुर
रेखा रेग्मी
सहप्राध्यापक, नेपाली विभाग, म्याग्दी बहुमुखी क्याम्पस, बेनी

***Article History:*** Submitted 3 April 2025; Reviewed 11 May 2025; Revised 16 June 2025
***Corresponding Author:*** Anil Adhakari, Email: anil20351022@gmail.com, Orcid Id : 0009-0001-4095-8833, karkibenu16@gmail, com, Orcid Id : 0009-0009-8530-1251, rekharpoudel@gmail.com
***DOI:*** https://doi.org/10.3126/iimrjbc.v3i1.81390

*सार*

*प्रस्तुत लेख ‘बाटो’ कथामा सङ्कथन निर्मितिको विश्लेषणमा केन्द्रित छ । गुणात्मक अनुसन्धान विधि र पाठविश्लेषण ढाँचामा तयार भएको यस लेखको सैद्धान्तिक आधार सङ्कथन निर्मिति हो । सङ्कथन निर्मिति सङ्कथन अध्ययनको भाषापरक आवरणमा कृतिको केन्द्रीय अर्थ र त्यसको प्रायोगिक व्याख्यासँग सम्बन्धित सिद्धान्त हो । प्रस्तुत ‘बाटो’ कथामा नेपाली समाज र त्यसमा पनि तराई क्षेत्रको सामाजिक पर्यावरणमा अवस्थित राजनीतिक प्रक्रिया तथा त्यसका लागि अवलम्बन गरिने रक्तपातपूर्ण परिवेश प्रतीकात्मक निर्मितिका रूपमा प्रस्तुत भएको छ । आफ्नो सत्तालाई वैधानिकता दिन पराजयलाई स्वीकार गर्ननसक्ने सामन्तवादी विचार तथा सत्ताको केन्द्रीकृत अवधारणासँग सम्बन्धित सामाजिक र सांस्कृतिक निर्मिति स्वतः प्रतीकात्मक निर्मितिको आधार बनेको प्रस्तुत कथाको प्रयोजन अर्थात् उपदेयता निर्मिति समाजबाट सत्तास्वार्थका लागि जुट्ने र फुट्ने सामन्तवादी संस्कृतिको अन्त्य भई विभेदरहित सामाजिक संरचनाको निर्माण हुने आशातीत बन्दैगएको पर्यावरणसूचक कथ्यसन्दर्भ रहेको विषयमा विमर्श भएको छ ।*

**शब्दकुञ्जी** : प्रतीकात्मकता, सांसारिकता, क्रियाकलाप, सांस्कृतिक, उपादेयता, निर्मिति

## विषयपरिचय

आधुनिक नेपाली कथापरम्परामा महेश्वरप्रसाद उपाध्याय (२०१२) नेपाली साहित्यमा ‘इस्माली’ का नामले परिचित छन् । ‘भञ्ज्याङ’ पत्रिकामा २०३१ सालमा ‘ऋणको थिचो’ कथा प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेका इस्मालीका माछो माछो भ्यागुतो (२०५२), घाम घामजस्तो छैन (२०५८) काट जर्किन डी (२०६४), इस्मालीका प्रतिनिधि कथाहरू (२०६७) गरी चारवटा कथासङ्ग्रह साथैसेतो आतङ्क (२०३९) उपन्यास प्रकाशित रहेका छन् । इस्मालीले साहित्यका विविध विधामा कलम चलाए पनि

उनलाई चिनाउने मुख्य विधा भने कथा नै हो । तराईको ग्रामीण जीवनका यथार्थ पक्षलाई कथामा प्रतिबिम्बन गर्ने इस्मालीका कथामा तराईका दलित, सीमान्तीकृत र गरिबीको रेखामुनि कष्टपूर्ण जीवन बिताइरहेका असहाय वर्गका पीडा र भावनाको प्रतिबिम्ब पाइन्छ । यी स्रष्टाका कथामा तराईको समाज, संस्कार, भूगोलका साथै त्यहाँको जीवनशैली, रीतिरिवाज, राजनीतिक विकृति, विसंगति आदिलाई यथार्थ रूपमा प्रस्तुत भएका हुन्छन् । स्थानीय रङ र विशेषताबाट कलात्मक बनेका इस्मालीका कथामा अभिव्यक्त अन्तर्वस्तु भन्नु नै प्रगतिवादी दृष्टिकोण हो ।

प्रस्तुत 'बाटो' कथा तराईको परिवेशगत पीठिकामा सामन्तवादी विचारधाराका कारण दमित अवस्थामा रहेका नागरिक तथा सत्तास्वार्थका लागि नागरिकको उपयोग हुने सांस्कृतिक अभ्यासलाई मुख्य विषयका रूपमा चयन गरी संरचित रचना हो । यस कथामा सामन्तवादी सामाजिक संरचना तथा त्यसको विचारधारात्मक संस्कृतिलाई अक्षुण्ण राख्न उपयोग गरिने विचारधारात्मक विषयको अभिव्यञ्जना भएको छ । नेपाली परिवेश र त्यसको अन्तर्यमा संगठित सत्ताको विषय प्रस्तुत गर्ने यस कथाको मूलभूत पक्ष नै प्रकारान्तरले नेपाली समाजमा रहेको विभेदपूर्ण सत्ता र त्यसको वास्तविकताप्रतिको प्रतिरोध हो । यस कथामा तराईको जनजीवन, त्यहाँ देखिने विकृति र विसङ्गति, त्यहाँको संस्कृति, त्यहाँको मजदुर समस्याजस्ता पक्ष यिनका कथाका केन्द्रीय विषय बनेर आएका छन् । विशेषतः पूर्वी तराईमा बसोबास गर्ने सोझासाझा किसानवर्गलाई राजनीतिक आवरणमा शोषक सामन्तले कसरी शोषण गर्छन, आफ्नो स्वार्थको लागि उनीहरू कसरी जुट्छन् र फुट्छन् भन्ने यथार्थलाई प्रस्तुत गर्ने यो कथा सङ्कथन निर्मितिका दृष्टिले अध्ययनीय छ ।

सङ्कथन निर्मिति सङ्कथनमा रहेका बहुविषयक सन्दर्भ र तिनमा विद्यमान अर्थका आधारमा पाठनिष्ठ अर्थको खोजी गर्ने बहुविषयक अध्ययन पद्धति हो । यसले पाठमा रहेका स्थूल र सूक्ष्म पक्षका आधारमा पाठमा प्रर्युक्त सन्दर्भपरक अर्थको खोजी गर्दछ । यसमा निश्चित विषयका आधारमा पाठको अर्थको खोजी गरिन्छ । सङ्कथन निर्मिति भाषाले निर्माण गर्ने निर्मिति हो । त्यसैले सङ्कथनमा यो पाठगत परिवेशमा आउँछ । सङ्कथन निर्मिति सिकाइ र अर्थग्रहणसँग सम्बन्धित प्रक्रिया हो । पाठगत परिवेशमा आउने सङ्कथन निर्मितिले पाठमा व्यक्त गरिएका सामाजिक सांस्कृतिक समूह र तिनीहरूका बीचको पारस्परिक सम्बन्ध, प्रयुक्त भाषिक व्यवहार र समुदायका सदस्यको मस्तिष्कमा स्थापित अर्थसँग सम्बन्धित हुन्छ । यस अध्ययनमा प्रतीकात्मक निर्मिति, सांसारिकता निर्मिति, क्रियाकलाप निर्मिति, सामाजिक निर्मिति, सांस्कृतिक निर्मिति र उपादेयता निर्मिति आदिका आधारमा अर्थका विभिन्न तहको अध्ययन तथा विश्लेषण गरी उपर्युक्त निर्मितिका आधारमा कथाले संवहन गरेको नेपाली समाजको सामाजिक संरचना र शक्ति सम्बन्ध, सामाजिक व्यवहार र संस्कृति तथा सामाजिक मुद्दाका रूपमा वर्गीय स्वार्थमा जकडिएको नेपालको आञ्चलिक चरित्रको प्रतिनिधित्व, विचारधाराका आधारमा पाठगत अर्थको विश्लेषण भएको छ ।

### समस्याकथन र उद्देश्य

प्रस्तुत लेखको मुख्य समस्या भन्नु नै 'बाटो' कथामा सङ्कथन निर्मितिको विश्लेषण र अर्थापन हो । सङ्कथन निर्मितिको सैद्धान्तिक पक्षका आधारमा विश्लेषण हुने यस लेखका लागि निम्नलिखित शोध्यप्रश्नको निर्माण भएको छ ।

क. कथामा प्रतीकात्मक निर्मिति केकस्तो छ ?

ख. कथामा क्रियाकलाप र सामाजिक निर्मिति कसरी प्रस्तुत भएको छन् ?

ग. कथामा सांस्कृतिक र उपादेयता निर्मिति प्रस्तुतिको प्रयोजन के हो ?

उपर्युक्त मूल शोधप्रश्न र शोध्यप्रश्नको समाधान खोज्नु नै यस अध्ययनको उद्देश्य हो । सङ्कथन अध्ययनको विस्तृत अनुशासनमा एक प्रतिमानको स्थान प्राप्त सङ्कथन निर्मितिका आधारमा साहित्यिक पाठको विश्लेषण र अर्थापन हुने यस लेखले यस विषयसँग सम्बन्धित पाठक, अध्येता, अनुसन्धानकर्तालाई यो अनुशासनका विषयमा ठोस धारणा निर्माण गर्ने सहयोगी हुने भएकाले यसको औचित्यको पनि पुष्टि हुन्छ ।

**शोधविधि**

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धति र पाठविश्लेषणकेन्द्री ढाँचामा तयार भएको छ । विश्लेषणका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यस लेखको प्राथमिक स्रोत इस्मालीद्वारा लेखिएको बाटो कथा हो । यस लर्खमा द्वितीयक स्रोतअन्तर्गत विषयसँग सम्बन्धित पूर्वकार्य भएका सामग्री हुन् । यस लेखमा पाठविश्लेषणका लागि सङ्कथन अध्ययनअन्तर्गत सङ्कथन निर्मितिको सिद्धान्तलाई उपयोग गरिएको छ । यस लेखमा जेम्स पाउज गीले अघिसारेका सङ्कथन निर्मितिको सैद्धान्तिक पक्षमा उल्लिखित विषयलाई अवधारणात्मक आधारका रूपमा उपयोग गरिएको छ ।

**सैद्धान्तिक आधार**

भाषिक एकाइ वा प्रकार्यको उच्चतम अङ्ग मानिने सङ्कथन निर्मिति विविधतामूलक सङ्केत व्यवस्थाका माध्यमबाट केन्द्रीकृत सारतत्वको अध्ययन यर्ने भाषापरक अनुशासन हो । सङ्कथन अध्ययनको विस्तृत आवरणमा पाठमा निहित केन्द्रीय अर्थ र तथा त्यसको निर्मितिको आधार खोज्ने यस अनुशासनको अवधारणा जेम्स पाउल गीले निर्माण गरेका हुन् । सङ्कथन वाक्यात्मक संरचनाभन्दा माथिल्लो भाषिक एकाइका रूपमा व्यवहृत हुने बृहत्तर आर्थीसन्दर्भलाई संवहन गर्ने लिखित, मौखिक वा साङ्केतिक पाठ हो मूलत सङ्कथन कुनै गम्भीर भाषण वा कुनै विषयमा भएको निश्चित लेखन, कुनै गम्भीर कुराकानी कुनै पनि कथन वा लेखनसँग जोडिएको भाषिक अभिव्यक्ति हो (गौतम, २०६८, पृ. ५७१) । सङ्कथन अध्ययनमा सङ्कथन निर्मिति बहुविषयक निर्मिति तथा तिनमा विद्यमान सन्दर्भ एवम् ती सन्दर्भमा अवशिष्ट अर्थका आधारमा पाठको केन्द्रीय अर्थ प्राप्त गर्ने अनुशासन हो । अन्तर्विषयक अनुशासनका रूपमा यसले पाठमा रहेका अर्थसँग संज्ञानात्मक, सामाजिक, राजनैतिक, ऐतिहासिक आयामहरूलाई पनि एकीकृत गर्दछ (एटम, २०७४, पृ २४१) । सङ्कथनको आधारभूत विशेषता भएका पाठात्मक संरचनामा रहेको विषयगत विविधता तथा ती विविधताका आधारमा पाठको अर्थ पहिचान गरी प्रकाशमा ल्याउने एवम् ती अर्थ संज्ञानात्मक स्वरूपका हुने सैद्धान्तिक मतसम्बद्ध सङ्कथन निर्मिति भिन्नभिन्न भाषिक निर्मितिका आधारमा पाठको एकत्वपूर्ण अर्थ प्राप्ति गर्ने अनुशासन हो ।

पाठ निर्माणका क्रममा आएका भाषिक सङ्केत व्यवस्थाका अधिकतम पद्धति तथा तिनमा अवशिष्ट अर्थ सङ्कथन निर्मितिको स्रोत हो । सङ्कथन निर्मिति भन्नु नै मूलभूत रूपमा पाठ वा सङ्कथनको निर्माण अलग विशेषता भएका तर परस्परमा अन्तर्सम्बन्धित भाषिक निर्मिति तथा तिनको निर्मितिगत सम्बन्धलाई भाषिक प्रकार्यका अन्तर्यमा प्रस्तुत गर्ने पद्धति हो (गी, सन् २००१, पृ. १९) । सङ्कथन अध्ययनमा गीले अघिसारेको अवधारणा नै सङ्कथन निर्मितिको अन्तर्वस्तु हो । सङ्कथन अध्ययन र यसका विषयमा अध्ययन गरी यसको सैद्धान्तिक पक्षका विषयमा विमर्श गर्ने अध्येताबीच समानान्तर धारणा

रहेको छ । पाठको सङ्कथन निर्मितिपरक अध्ययनका सन्दर्भमा प्राप्त अवधारणालाई संश्लेषण गर्दा सङ्कथन निर्मिति सिकाइ र अर्थग्रहणसँग सम्बन्धित प्रक्रिया हो भने बालक यो बालकले भाषा र यसमा निहित सन्दर्भको कसरी ग्रहण गर्दछ भन्ने प्रक्रियासँग जोडिई संज्ञानपरक अभ्यास तथा त्यसको निर्धारण अर्थात् मान्यता र विश्वासमा रूपान्तर हुने प्रक्रियाका साथै सांसारिकता तथा त्यसमा घटित क्रियाकलाप, प्रतीकात्मकता, समाज, संस्कृति, परिस्थिति, मानवीय क्रियाकलाप, तिनमा अवशिष्ट मान्यता, विश्वास तथा कृतिमा यी विषय वा सङ्केत प्रगोगको उपादेयतालाई पाठनिष्ठ आधारमा विश्लेषण गर्ने अनुशासन हो । (गल्यागर र क्रेग, सन् १९९७, पृ. ३४, स्चीफरिन, सन् २००१, पृ. ६०, हेरिटेज र सोरनेज, सन् १९९४, पृ. ६०, स्चीफरिन, १९९२, पृ. ७९५, लेभिन्सन, सन् १९८३, पृ. १८८, विडोसन, सन् १९९५, पृ. १६१) । यस प्रकार सङ्कथन निर्मितिअन्तर्गत पाठमा अभिव्यक्त गरिएका विषयका आधारमा तिनमा प्रयुक्त प्रतीकात्मकता, क्रियाकलाप, सामाजिक, सांस्कृतिक तथा यिनको पाठमा के उपादेयता सिद्ध गर्न खोजिएको हो सो विषयको विश्लेषण गरिन्छ ।

सङ्कथन निर्मिति पाठमा विविध सामाजिक र सांस्कृतिक सन्दर्भ तथा त्यससँग सम्बन्धित शक्ति सम्बन्ध, पाठमा पाइने प्रभुत्व वा वर्चस्व र अधीनस्थता, लिङ्ग, वर्ण, जात, समुदाय, संस्कृतिको आधारमा कृतिको अर्थको खोजी गर्ने प्रक्रिया हो । सङ्कथन निर्मितिमा पारिस्थितिक अर्थ र सांस्कृतिक परिप्रेक्ष्यका आधारमा सङ्कथनको विश्लेषण गर्ने अवधारणा अघिसार्ने सङ्कथन निर्मितिले पाठमा रहेका सामाजिक, सांस्कृतिक र त्यसप्रकारका विषय प्रस्तुतिको प्रयोजनका साथै तिनीहरू बीच बाह्यान्तरिक संसक्ति र संयुक्तिका आधारमा सङ्कथन विश्लेषण गरिन्छ (गी, सन् २०११, पृ. १७) । सङ्कथन निर्मिति पाठमा रहेका विविधतापूर्ण सन्दर्भको संयोजनबाट एकै अर्थ निर्माण हुन्छ भन्ने पक्षको पृष्ठपोषक सिद्धान्त हो । उपर्युक्त सिद्धान्तका आधारमा 'बाटो' कथाको सङ्कथन निर्मिति र पाठगत निर्मिति कसरी फलागम भएको छ भन्ने पक्षको अध्ययन तलका सन्दर्भमा गरिएको छ ।

## नतिजा र विश्लेषण

नेपाली समाजअन्तर्गत तराईको सामाजिक, आर्थिक र राजनीतिक परिवेशको चित्रण गरिएको "बाटो" कथामा प्रतीकात्मकता, सांसरिकता, क्रियाकलाप, सामाजिक, संस्कृतिक र उपादेयता निर्मितिको उपयुक्त प्रयोग भई पाठगत सङ्कथनको निर्माण भएको छ । समाजबाट आफ्नो प्रभुत्व गुम्ने भयले आत्तिएका सामन्तले आफ्नो विगतको शासकीय साख, हैसियत, रौरव र दबावमूलक परिस्थितिको निरन्तरताका लागि फुट र जुटको शृङ्खलाले विखण्डित ग्रामीण जनमानसको मानसिकतामा विकसित बन्दै गएको विद्रोही चेतना र सामाजमा सामन्ती प्रभुत्वको अन्त्य हुँदै गएको विषयलाई चयन गरेको यस कथामा प्रस्तुत सङ्कथन निर्मितिका विषयमा तलका उपशीर्षकमा विमर्श गरिएको छ ।

### 'बाटो' कथामा प्रतीकात्मक निर्मिति

प्रतीकात्मक तथा विशिष्ट अर्थ दिने निर्मिति सोझो र कोशीय अर्थभन्दा प्रतीकात्मक तथा लाक्षणिक अर्थको खोजी गरी पाठको अर्थ निर्क्यौल गर्ने पद्धतिलाई सङ्केत निर्मिति भनिन्छ । यसले अर्थको खोजी पाठभित्रको स्थान, परिवेश, सामाजिक वृत्ति र विचारधाराले निर्देशित गरेका सङ्केत र सादृश्यका आधारमा पाठका अर्थ निर्धारण गरिन्छ । पाठभित्र वर्णन नगरिएको तर पाठमा आएका पद पदवाली प्रसङ्ग र उदारणका आधारमा निकालिएको अर्थ नै सङ्केत निर्मिति हो । प्रस्तुत कथा सङ्केतै सङ्केतबाट निर्माण भएको कथा हो । कथाकारले कथाको आरम्भदेखि अन्त्यसम्म आएका विभिन्न सङ्केतले समकालीन नेपाली समाजभित्र तराई क्षेत्रको ग्रामीण परिवेशमा व्यवहृत हुने सामाजिक, राजनीतिक, साँस्कृतिक पक्षको भित्री

यथार्थलाई खोतल्ने प्रयास गरेको छ । अधिकतर समसामयिक समाजबाट टिपिएका बिम्ब/प्रतीक र साक्ष्यका रूपमा आएका सन्दर्भले सङ्कथनलाई सङ्केतपुञ्जका रूपमा स्थापित गरिदिएको छ । यस कथामा 'ठूलो मालिक', 'सानो मालिक', 'सिंह मालिक' आफैंमा समाज र सामाजिक संसारमा प्रभुत्व स्थापित गरेका सामन्त र सामाजिक संरचनालाई गतिशील तुल्याउने सहभागीका रूपमा रहेका छन् । जमीन र उत्पादनमाथिको आधिपत्य र उच्च आर्थिक हैसियतका कारण सामाजको सत्तालाई आफ्नो बसमा राख्न सफल रहेका मालिकहरूकै इशारामा गाउँको कानुन, नीति, नियम, सामाजिक व्यवहार र संस्कृति सञ्चालित रहेका छन् । सिंह मालिक सङ्केतले समाजमा अवशिष्ट उसको विशेष पहिचान र दबदबालाई बुझाएको छ । ठूलो मालिक र सानो मालिक दुवैको शक्तिलाई चुनौती दिनसक्ने यस चरित्रले गाउँमा कम जनसमर्थन पाएको देखिएको छ तथापि धेरै भूमिहीन मजदुरको अन्नदाता सिंह मालिकको रौरव र हैसियत अन्य दुई मालिक र गाउँका अन्य सामन्तको भन्दा अगाडि रहेको छ । गरिब र निमुखामाथि शासन गर्ने सिंह मालिक गाउँमा सिर्जना हुने आतङ्कित वातावरणको संवाहकका रूपमा रहेको छ ।

निन्द्रा, सपना, बेहोसी, बेसुद्धि जस्ता शब्दशृङ्खलामा आएका सङ्केतले दिनभरको श्रमकार्यले हुने थकान र सोही कार्यबाट प्राप्त आय तथा त्यस आयले सन्तोषपूर्ण जीवनयनपन गरिरहेका सुरथको परिवारलाई बुझाएको छ । भूमिहीन कमैयाका लागि अविच्छिन्न रूपमा प्राप्त रोजगार र त्यसबाट उपलब्ध ज्यालाले दैनिक आधारभूत आवश्यकता र जिजीविषाको स्रोत जुटे सन्तोषको जीवन बाँच्ने असचेत र अशिक्षित समुदायका लागि अन्य आवश्यकता र तिनको परिपूर्तिप्रति कुनै चासो र सरोकार रहेको पाइँदैन । दिनभरको श्रमकार्यबाट थाकेको सुरथको परिवार मस्त निन्द्रामा निदाएको छ भने दोस्रो अर्थमा गाउँका मालिकहरूको पत्यारिलो अभिभावकत्व पाएका कारण श्रमकार्यबाट विमुख हुनु नपर्ने परिस्थिति पनि कारकको रूपमा रहेको छ । समाजमा के भइरहेको छ भन्ने ज्ञानबाट मुक्त रहेका यी पात्रमा श्रमभन्दा बाहेक अन्य कुनै पनि सामाजिक विषय, गतिविधि, व्यवहार, शक्तिसङ्घर्ष, प्राप्ति अप्राप्तिप्रति कुनै आकर्षण रहेको छैन । एकछाक खान र एकसरो लाउनभन्दा बाहेक जीवन र जगतका बारेमा अनभिज्ञ यी असचेत पात्रमा काम र मामभन्दा बाहेकका अन्य विषयप्रति कुनै आकर्षण र सम्मोहन रहेको छैन । समाजका निम्नवर्गीय मजदुर परिवारका यी सदस्य आफ्नो श्रमकार्य र त्यसबाट पाएको ज्यालाभन्दा बाहेक अन्य गतिविधि र सामाजिक विषयप्रति असचेत रही तिनमा वर्गीय चेतनाको अविर्भाव भई समाजमा अवशिष्ट शोषण, विभेद, उत्पीडन, सत्तासङ्घर्ष र देशव्यापी राजनीतिक परिवर्तन जस्ता घटना र विषयले पनि प्रभावित र परिवर्तन गर्न नसकेको सामाजिक सन्दर्भलाई पुष्टि गरेको छ ।

प्रस्तुत कथमा प्रयोग गरिएका गाउँको पुछारमा रहेको खोलो, किरो गँगटो, कत्ले पोठिया माछा जस्ता शब्दशृङ्खलामा आएका सङ्केतले परिवर्तित र विकसित सामाजिक/राजनीतिक सन्दर्भमा पनि नेपालका ग्रामीण क्षेत्र र त्यसमा पनि विशेषतः ग्रामीण तराई क्षेत्रमा सर्वसाधारणसम्म पुग्न नसकेको शैक्षिक चेतनाका कारण निम्नवर्ग र निचजातिका बालबालिका शैक्षिक र परिवर्तनशील जीवन पद्धतिबाट विमुख रही परम्परागत जीवन पद्धति र वृत्तिलाई नै अङ्गीकार गर्न बाध्य रहेको सामाजिक सन्दर्भलाई पुष्टि गरेको छ । बालबालिकाको भविष्य निर्माणका लागि तिनका अभिभावकको अहम् भूमिका रहने गर्दछ । जसका अभिभावकले कैयौं पिंढी सामन्तको गुलामी गरेर बिताएका छन् तिनका भावी पुस्ता शिक्षाप्रति आकर्षित नबन्नु अश्वाभाविक होइन तथापि सामन्तले आदेश र तिनको सेवालाई सर्वोपरी ठानेर जीवन निर्वाह गर्ने सुरथले समाज र सामाजिक पद्धतिलाई बुझेर पनि छोराछोरीको भविष्यलाई अन्धकारमा छाडिदिएको छ । गाउँमा सर्वसाधारणका सन्तानलाई शिक्षा दिन खुलेका विद्यालय पनि

सामन्तको प्रभुत्वका कारण पढाउने शिक्षकको हत्यासँगै मालिककै खलिहानमा रूपान्तरित भएको छ भने मालिकका छोराछोरीले जस्तो मजदुरका छोराछोरीले पढेर के उपलब्धि हासिल गर्न सक्छन् भन्ने आशंकाले ग्रसित भई शिक्षाप्रति सजग नरहेको यथार्थलाई पुष्टि गरेको छ । सामन्ती विचार र वृत्तिको अन्धसमर्थक रहेका मजदुरको चेतनामा तिनको भूमिका र जीवनचेतनाकै सापेक्षमा तिनका सन्तानको भूमिका परिवर्तन हुनु अवाञ्छित ठानेका मजदुरको स्थिर सोच तथा समाजको तल्लो तहसम्म शिक्षाको चेतना विस्तारित भई नसकेको समय सन्दर्भलाई यी सङ्केतले पुष्टि गरेका छन् ।

प्रस्तुत कथामा प्रयोग गरिएका निन्द्रा नलाग्नु, कोल्टे फेर्नु, उत्तानो पर्नु, लघुशङ्का जस्ता शब्दशृङ्खलामा आएका सङ्केतले डण्डीतराजु (तीनवटा ताराको समूह), उदाएको जून जस्ता शब्दशृङ्खलामा आएका सङ्केतले कथाको प्रमुख पात्र सुरथको मानसिकतामा आएको उद्वेलन र किंकर्तव्यविमूढताको अवस्थालाई लक्ष्यित गरेका छन् । देशव्यापी रूपमा राजनीतिक परिवर्तन भई समाज सामाजिक रूपान्तरणको दिशातर्फ अग्रसर बनेको छ । मालिकको सेवामा आफूसमेतका तीन पिँढीले बिताएको पराधीन जीवन र यस जीवनको आधारकै रूपमा स्थापित रहेका मालिकसँगको सानिध्य परिवर्तित व्यवस्थालाई स्वीकार गर्दा नामेट हुने अवस्था सिर्जना हुनपुगेको छ । परिवर्तनलाई आत्मसात् गर्दा चलिरहेको जीवनपद्धति खण्डित भई गाँस, बास र कपासका लागि हाहाकार व्यहोर्नु पर्ने तथा नगर्दा प्रतिगामीका नाममा समाजबाट लाञ्छित हुनुपर्ने अवस्थाबाट सृजित अन्तर्द्वन्द्वलाई पुष्टि गरेको छ । यही साक्ष्यमा आएको डन्डी तराजु जस्ता सङ्केतले परिवर्तनको पूर्वबिहानी र झुल्कँदै गरेको जूनले जसले जुन विचारधाराको पक्षधरता लिए पनि परिवर्तन सबै वर्गका लागि समान व्यवहार र आनन्द लिएर आउने सन्दर्भलाई पुष्टि गरेको छ ।

चौरी चाँचर चकमन्न, कृष्ण पक्षको साँझ, कृष्णपक्षको अँधेरी रातजस्ता शब्दशृङ्खलामा आएका सङ्केतले परिवर्तित राजनीतिक सन्दर्भलाई आत्मसात् गर्न नसेका प्रतिक्रान्तिकारी/सामन्त तिनको सोचप्रति लक्ष्यित रहेको छ । सन्नाटा कुनै घटना हुनुपूर्व र भइसकेपछि हुने सङ्क्रमणकालीन समयको द्योतक हो । जनताको बलिदानबाट प्राप्त उपलब्धिमाथि प्रहार गरी क्षतविक्षत तुल्याउने रणनीति बोकेर बसेका प्रतिक्रान्तिकारीको सोच तथा परिवर्तले आनन्दितहरूको उल्लासमय सोचको सन्निकट समयलाई चौरी चाँचर चकमन्न पदावलीले पुष्टि गरेको छ । यही साक्ष्यसँगै जोडिएर आएका अन्य दुई कृष्ण पक्षको साँझ र रात सङ्केतले प्रतिक्रान्तिका पक्षधर सामन्तवादीहरूले क्रान्तिको पक्षधर रामगोसारथ मास्टर जो गाउँमा बालबालिकाहरूको लागि शिक्षाको उज्यालो फैलाउने ज्योतिपुञ्ज हो भने गाउँका नवयुवकका लागि स्वतन्त्रता समानता र वर्गीय सचेतनाको संज्ञान दिने व्यक्तिको हत्या गर्ने ठूलो मालिकको योजनाअनुसार गाउँमा आएका तीन अपरिचित मानिस र मास्टरको हत्याको योजनालाई सङ्केत गरेको छ । कृष्णपक्षको अँध्यारो रातले परिवर्तनको पक्षधर रामगोसारथको हत्या भइसकेको साक्ष्यलाई पुष्टि गरेको छ ।

लहूलहान, निलाम्ये र रक्ताम्ये शरीर, रामराम, खङ्ग्ङ हुनु, थरर्र काम्नु जस्ता शब्दशृङ्खलामा आएका सङ्केतले प्रतिक्रान्तिकारी सामन्तले हत्या गरेर महेसर सिंहको बाँसघारीमा फालिएको रामगोसारथ मास्टरको शव र उक्त शवको घटनास्थलमा देखिएको प्रकृति र त्यस शवलाई देखेपछि त्यहाँ जम्मा भएका मानिसहरूको प्रतिक्रिया तथा शारीरिक र मानसिक अवस्थालाई बोध गराएको छ । मास्टरको शवको प्रकृति हेर्दा शरीरभरि देखिएका निलडाम, शवको वरिपरी जमेको रगतको धब्बा र शरीरभरि पोतिएको रगतले उसको मृत्यु क्रूर यातना दिई हत्या गरिएको र हत्यापछि सबैको साझा शौचालयका

रूपमा परिचित रहेको महेसर सिंहको बाँसघारीमा फलिएको छ । त्यही बाँसघारीमा फालिनुको अर्थ आम गाउँलेले हत्याको विभत्सता देखुन र समाजका सामन्तहरू विरुद्ध कुनै पनि प्रतिरोधको आवाज कसैले पनि नउठाउन तथा जसले शासकका विरुद्ध आवाज उठाउँछ त्यसको जीवनको परिणति रामगोसारथको जस्तै हुनेछ भन्ने सन्दर्भपरक अर्थलाई प्रस्तुत गरेको छ । यसैगरी खड्ङ्ग हुनु, थरर काम्नु जस्ता पदावलीले समाजमा रहेको परिवर्तनको संवाहक र आधार समाप्त भएको र समाजका सामन्तको विरोध जसले गर्छ त्यो व्यक्ति वा समुदाय सामन्तको कोपभाजनबाट बच्न नसक्ने यथार्थलाई पुष्टि गरेको छ ।

प्रधान, थानाकचहरी, पुलिसथाना, जूँगे भूँडी पल्टाएर बसेको पुलिसको हाकिम, हवल्दार, जवान, भद्रभलादमी, गन्यमान्य, धटनास्थल, सर्जिमिन मुचुल्का, बडे सरकार, एकान्ती, पोस्टमार्टम जस्ता शब्दशृङ्खलामा आएका सङ्केतले कानुनी प्रक्रियासँग सम्बन्धित सन्दर्भको संज्ञान गराएका छन् । गाउँमा असहज अप्राकृतिक रूपले मृत्यु भएका मानिसको लास भेटिँदा कानुनी प्रक्रिया पुरा गर्नुपर्ने यी सङ्केतहरू रामगोसारथको हत्या भएपछिको सन्दर्भसँग सम्वन्धित रहेका छन् । बाँसघारीमा लास देखेपछि मालिकसँगको सानिध्यले पटकपटक थानाकचहरी चहारेको सुरथ जाहेरीका लागि पुलिसथाना गएको छ । बाटामा जाँदा मास्टरको हत्या कसले र किन गऱ्यो भन्ने मानसिक उद्वेलनमा परेको सुरथको मानसिकतामा ठूलो मालिकको निमन्त्रणामा आएका तीनजना मान्छेको आगमन भएको रात रामगोसारथको हत्या गरी महेसर सिंहको बाँसघारीमा फालिएको छ । सुरथको दृष्टिकोणमा मास्टरको हत्याको योजनाकार ठूलो मालिक हो र हत्यारा गाउँमा आएका नयाँ मान्छे हुन् भन्ने जान्दाजान्दै पनि मालिकको शक्तिका सामु उसको आवाज दबिएको छ । ठानाबाट पुलिस घटनास्थलमा आइपुगी आवश्यक कानुनी प्रक्रिया पुरा गर्न त्यहाँ उपस्थित समाजका भद्रभलाद्मीको मान पाएका व्यक्तिसँग सनाखत गराएपछि पुलिसले ठूलो मालिकसँग एकान्तमा भलाकुसारी गरी मास्टरको गैरन्यायिक हत्यालाई सहज र प्रकृतिक मृत्युमा परिणत गरिदिएको छ । राज्य व्यवस्था र कानुनलाई आफ्नो गोजीमा राखेर हिंड्ने सामन्तले हत्या गरी रामगोसारथ मास्टरको मृत्युलाई सहज मृत्यु प्रमाणित गरेको छ भने परिवर्तनका पक्षधरहरूलाई सहन नसक्ने सामन्तले परिवर्तनका आवाजलाई कसरी दमन गर्दछन् भन्ने यथार्थको उद्‌बोधन यी सङ्केतमार्फत् भएका छन् ।

पार्टी, चुनाव, उमेदवारी, उमेदवार, गला मिलाउनु, ज्यानी शत्रू, पोलिटिक्स, आजादी, गुलामी, मालिकको पार्टी, मजदुरको पार्टी, मालिकका पुतली, जस्ता शब्दशृङ्खलामा आएका सङ्केतले ग्रामीण समाजमा रहेको राजनीतिक सन्दर्भलाई पुष्टि गरेका छन् । निर्दलीय व्यवस्थामा आलोपालो गाउँ र जिल्लाको राजनीतिक नेतृत्व गरेका सामन्तले परिवर्तित राजनीतिक परिवेशलाई आफ्नो पक्षमा पार्न आफ्नो उद्देश्यमा पार्न र सत्तामा आफ्नो प्रभुत्वलाई जुनसुकै मूल्यमा कायम राख्न लालायित रहेका छन् । निर्दलीय व्यवस्थामा जनतालाई फुटाएर आफू शासक बनेका सामन्तहरू परिवर्तित व्यवस्थामा जनताबाट नाङ्गिने भयले आक्रान्त रहेका छन् । आफू सत्तामा रहिरहने एषणाबाट बशीभूत भएका सामन्तले सत्ताबाट बाहिर रही जनतामाथिको प्रभुत्व नरहने हुनाले हिजोको फुटलाई जुटमा परिणात गर्ने र समाजको सत्ताको अधिकारी आफैं भइरहने सत्ता लोलुपताको अवस्थालाई यी सन्दर्भले पुष्टि गरेका छन् । वर्गीय दृष्टिले अपठित र अशिक्षित समुदायलाई रक्सीमा मासुको चास्नी चटाएर आफ्नो स्वार्थ र सत्ता जोगाएका सामन्तलाई परिवर्तित राजनीतिक वातावरणमा आफ्नो प्रभुत्वलाई ग्रामीण समुदायका सामु जोगाई राख्न चुनौतीपूर्ण छ । अशिक्षित समुदायलाई मालिक र नोकर विषयक सम्बन्धको पाठ पढाएका र नोकरको परनिर्भरता मालिकमाथि रहने विचारलाई मुखरित गरेका सामन्तले तिनै निमुखा

समुदायमाथि शासन गर्ने अभिष्टले हिजो आफ्नै पार्टी गठन गरेका थिए र आज परिवर्तित विचारधारा र शक्तिको सामना गर्न अलग पार्टीलाई एक बनाएका छन् । हिजो सत्ता प्राप्तिको होडमा सारा गाउँलेलाई विभाजित गरेका सामन्त आज विभाजित अवस्थामा सत्तासीन हुने लक्षण नदेखेपछि जुट्नतर्फ अग्रसर बनेका छन् । हिजो सामन्तहरू आफूमात्र बाँडिएनन् तिनले गाउँघर, छरछिमेकी, नातागोता, इष्टमित्र, कुलकुटुम्ब सबैलाई परस्परमा विभाजित र विखण्डित गरी तिनका बीच परस्परमा युद्ध गराई एकअर्कालाई निषेध र शत्रूतापूर्ण वातावरण सिर्जना गरी आफ्नो स्वार्थ पुरा गरेको यथार्थलाई प्रमाणित गरेको छ । दुईपक्षीय प्रतिष्पर्धामा एकत्वपूर्ण राजनीतिक प्रभुत्व स्थापित गर्ने र सत्ता सञ्चालन गरी राजनीतिक स्वार्थ पुरा गर्ने पञ्चायतकालीन राजनीतिक सन्दर्भको पुष्टि गर्न यी सङ्केत सहयोगी सिद्ध भएका छन् ।

भाला, गडाँस, बन्दुक, गोली, शत्रुता जस्ता शब्दशृङ्खलामा आएका सङ्केतले हतियार प्रदर्शन प्रयोग र त्यसको शक्तिको सहयोगमा आम नागरिकका मानसिकतामा आतङ्क सिर्जना गरी राजनितिक नेतृत्व हत्याउने राजनिततिक रणनितिका पृष्ठपोषक सङ्केत रहेका छन् । नेपालको राजनितिमा स्वतन्त्र विचार, इमान्दार राजनीतिक संस्कृति निष्ठा र मूल्यको राजनीति जस्ता आदर्श चिन्तन समाप्त भई समकालीन राजनीति मेनपावर, मनिपावर र मसल पावरको केन्द्रविन्दुमा संचालित रहेको छ । विशेष गरी तराई क्षेत्रको ग्रामीण इलाकामा बसोवास गर्ने अशिक्षित, निम्नवर्गीय र दलित समुदायलाई आफ्नो प्रभावमा पार्न तिनका बस्तीमा गई राँगा, खसी, सुँगुर काटेर भोज लगाउने रक्सी खुवाएर मताउने र नुन चटाएर अपठित गाउँलेलाई नुनको भारा लाग्छ भन्ने लोकविश्वास थुपारी तिनको मत आफ्नो पक्षमा पारेर निर्वाचित हुने सामन्तको राजनीतिक रणनीतिलाई अङ्गीकार नगरे हतियारको शक्ति प्रदर्शन गरी जनतालाई आतङ्कित तुल्याउने तथा बूथ कब्जा गरी निर्वाचित हुने समकालीन सन्दर्भलाई यी सङ्केतले पुष्टि गरेका छन् । परिवर्तित सन्दर्भमा आफूआफू लडेर स्वार्थ पुरा हुने स्थिति नदेखेका सामन्तले अभावग्रस्त जीवनयापन गर्ने निम्नवर्गीय र दलित समुदायको गरिबी र दुःखको सहयात्री स्वयंलाई परिभाषित गरी ती सामन्तका कारण समाजका विपन्नको जीवननिर्वाह सफल र सुरक्षित छ । भन्ने विश्वास गरिबका मानसिकतामा जगाई सत्ता प्राप्त गरेर आफ्नो स्वार्थ पुरा गरी सामन्तको अभिचारको सिकार भएका जनता तिनै सामन्तको स्वार्थको साक्षी बन्न कहिले फुटेका र कहिले जुटेको अवस्थालाई यी सङ्केतले सिद्ध गरेका छन् । मालिकहरू आफ्नो मालिक्याइँलाई अक्षुण्ण राख्न तथा समाजबाट आफ्नो वर्चश्व  नखोसियोस् भन्ने अभिप्रायले बशीभूत भई आपसमा मिल्न सक्छन् , राजनीतिमा स्थायी सत्रु र स्थायी मित्र कोही पनि र कहिले पनि हुदैन । हिजो मालिकहरू फुटे हामीमाथि नै शासन गरे, आज मालिकहरू जुट्दैछन् र हामीमाथि नै शासन गर्ने उद्देश्य लिएका छन् । मालिक फुट्दा फुट्ने र मालिक जुट्दा जुट्नुपर्ने अवस्थाबाट माथि उठी मालिकको पार्टी हुन्छ भने मजदुरको पार्टी किन हुँदैन भन्ने प्रतिरोधी चेतनाको सन्दर्भलाई यी सङ्केतले अर्थ प्रदान गरेका छन् ।

अधियाँ बटैया, मोही, ठेक्का, बेठबेगार, कुलोपैनी, इनार पोखरी, कमैया, मालिक, मजदुर, खेत, खलिहाल, दाउनी, गोरु, भैंसी, गोबर जस्ता शब्दशृङ्खलामा आएका सङ्केतले कृषि प्रणालीमा निर्भर रहेका ग्रामीण नेपाली समाजमा सामन्त र भूमिहीन वर्गबीचको सम्बन्धलाई प्रस्तुत गरेको छ । ग्रामीण क्षेत्रमा अधिकांश मानिस कृषिमा निर्भर रहने र भूमिहीनहरूले जमीन्दारसँग जमीन लिई खेती गर्दा प्रयोग हुने सन्दर्भसम्बद्ध रही यी सङ्केतहरू आएका छन् । जमीन्दारको जमीनमा आंशिक हकभोग (मोहियानी) हक भएका किसान र जग्गाधनबीचको सम्बन्ध मालिक र मोहीको रहेको हुन्छ जसमा मुख्यबालीको आधा

हिस्सामा मात्र साहुको हक लाग्ने र अन्यबालीमा मोहीको एकाधिकार रहने सामाजिक र कानुनी प्रचलनलाई यस सङ्केतले पुष्टि गरेको छ मोहियानी हक नभएका किसान र श्रमिकले जमीन्दारलाई जमीन उपभोग गरेबापत अधियाँबटैया अर्थात् सबै बालीको आधा हिस्सा साहुलाई बुझाई आधा हिससा आफूले राख्ने प्रचलन, ठेक्का भन्नाले निश्चित र निर्धारित नगद वा उब्जनीको हिस्सा बुझाउने सर्तमा साहुसँग किसानले लिएको जग्गासम्बन्धी नियमलाई बुझाएको छ । यस्तो नियम किसानले निश्चित समयसम्म बाली नबुझाए वा बाली बुझाएको प्रमाण दिन नसके किसानले पाएको मोहियानी हकसमेत नरहने सामाजिक सन्दर्भलाई पुष्टि गरेको छ । वेठवेगरले ग्रामीण तराई क्षेत्रमा जमीन्दारको खेतमा रोपाई हुँदा गाउँले तथा उसका सबै कमैयाले निःशुल्क रूपमा तिनका खेतमा गई काम गर्नुपर्ने सामाजिक प्रचलनलाई सङ्केत गरेको छ । कतिपय अवस्थामा सामाजिक प्रचलन र कतिपय अवस्थामा आपसी समझदारीबाट निर्धारण गरिएका ज्यालाका आधारमा काम गर्ने जमीन्दार र श्रमिकबीचको सम्बन्धलाई मालिक मजुर सङ्केतले पुष्टि गरेको छ । कथाको प्रमुख पात्र सुरथ मालिकको जमीन लिई अधियाँ बाली बुझाउने किसान र बाँकी समयमा मालिकको घरायसी काम गर्ने बँधुवा मजदुर दुवैको भूमिकामा रहेको छ । कथाकारले अधियाँ बटैया, ठेक्का, बेठबेगार जस्ता सामन्तवादी सामाजिक प्रचलनको अवशान भइनसकेको अवधिको चित्रण गरेका छन् । यसका अतिरिक्त कुलोपैनी, इनार पोखरी, खेत, खलिहाल, दाउनी, गोरु, भैंसी, गोबर जस्ता सङ्केतले कृषिमा निर्भर नेपाली समाजको अवस्थाको बोध गराएका छन् । गाउँको मधुशाला, ठर्रा पिएको र मालिकलाई छौंडी पटाएको शब्दशृङ्खलामा आएको सङ्केतले ग्रामीण क्षेत्रमा बसेर पनि सामन्तको ठाँटबाँटयुक्त राजर्षी विलासपूर्ण जीवनशैली र गाउँको भित्री तहसम्म विस्तार भएको नशा उत्पादन गर्ने भट्टी र देहव्यापारको सन्दर्भसँग जोडिएको छ ।

प्रस्तुत कथामा शब्दशृङ्खलाका अतिरिक्त स्वतन्त्र शब्द र सादृश्यका रूपमा विभिन्न सङ्केतहरू प्रयोग गरिएका छन् । कथामा आएको 'बाँसको सोझो टुप्पोको बीचबाट कल्कलाउँदो, झर्झराउँदो हँसिलो एउटा अनुहार' भन्ने सङ्केतले राजनीतिक परिवर्तनको पक्षधरता र परिवर्तनपछि समाजमा हुने वर्गविभेदको अन्त्य र समतामूलक समाजको परिकल्पना गर्ने तथा त्यस परिवर्तित समाजको प्राप्तिका लागि वर्गीय सचेतनाको सञ्चरण गर्नेपरिवर्तनको पक्षधर रामगोसारथ मास्टर र परिवर्तिन हुँदै गएको सामाजको सोच र विचारधारालाई बुझाएको छ । परिवर्तन अवशंभावी छ र परिवर्तनको दिशामा सामाजिक चेतना बाँसको तामा बढे जस्तै द्रूततर गतिमाम विकसित भइरहेको सन्दर्भलाई पुष्टि गरेको छ । यस साक्ष्यसँगै आएको 'माटाको हाँडी'ले समाजलाई यथास्थितिमा राखी समाज परिवर्तन र सामाजिक रूपान्तरणलाई अस्वीकार गरी आफ्नो सत्ता, शक्ति र वर्चश्वलाई निरन्तरता दिन खोज्ने प्रतिक्रान्तिकारी सामन्तवादी सोच र त्यस्तो प्रवृत्तिलाई अङ्गीकार गर्ने ठूलोमालिक प्रभृति चरित्रको चारित्रिक वृत्तिलाई सन्दर्भसँग जोडेको छ । माटाको हाँडीसँगै जोडिएर आएको 'यसलाई ठीक पार्नुपर्छ' सङ्केतले सामन्तवादी सत्ताको दमनकारी नीति, परिवर्तनलाई आत्मसात् गर्न नसकेको अवस्था, सत्ता र प्रभुत्वको निरन्तरताका लागि सामन्तले गरेको प्रयासका रूपमा परिवर्तनकारी विचारधाराको अन्त्य गर्ने सामन्तको योजनाका रूपमा मुखरित भएको छ । ठूलो मालिकले नेतृत्व गरेको प्रतिक्रन्तिकारी धारले समाजमा भएको परिवर्तनलाई आत्मसात् गर्न सकेको छैन । रामगोसारथको विचारबाट प्रभावित भई गाउँलेले आफ्नो सत्ताको विरुद्ध गई विद्रोह गर्न सक्छन् र आफ्नो सत्ताको दबदबा सदाका लागि अन्त्य हुने आशङ्काले पिरोलिएको ठूलोमालिकले रामगोसारथको हत्या गराएको सन्दर्भसँग जोडिएको छ । 'तिम्रो यो अनमोल जीवन गुलामीको बोझ बोक्न हैन आजादीको जुवा बोक्ने काममा लाउनुपर्छ' साक्ष्यले समाजमा विकसित भइरहेको क्रन्तिकारी विचारलाई गरिब र निमुखा वर्गको उत्थानमा लगाउन

पैयासरत सुरथले सुरथको मानसिकतामा सञ्चार गरेको वर्गीय स्वतन्त्रता र सामन्तवादको अन्त्यका लागि दिइएको राजनीतिक चेतनाको विस्तारका रूपमा आएको छ । यही साक्ष्यमा समावेश आजादी वर्गरहहित समतामूलक समाजको निर्माण गर्ने आधारशीला हो भने गुलामीले सामन्तको अधिनस्थतालाई स्वीकार गरेको विचारधारा हो । मान्छे स्वतन्त्रताप्रिय प्राणी हो र मान्छेले सदैव वैयक्तिक स्वतन्त्रताका लागि सङघर्ष गर्दछ । कतिपय सन्दर्भमा वैयक्तिक स्वतन्त्रताका लागि गरिएका सङ्घर्ष समाजोपयोगी सिद्ध भई समाज रूपान्तरणकै लागि निर्णयक र प्रेरणप्रद हुनसक्ने अभिप्रायले रामगोसारथले सुरथलाई परिवर्तनको पक्षमा लाग्न प्रेरणा दिएको सन्दर्भलाई यस साक्ष्यमा आएका सङ्केतले पुष्टि गरेका छन् । स्वतन्त्र सङ्केतका रूपमा आएको 'बाटो' शब्दमा अवशिष्ट सङ्केतले गहन र विशिष्ट सन्दर्भलाई जोडेको छ । समाजमा परिवर्तन भइसकेको छ । राजनीतिक व्यवस्थाको परिवर्तनसँगै समाज विकासशील र रूपान्तरित भइसकेको अवस्थामा समाजका निम्नवर्गीय सुरथ जस्ता सर्वहाराले समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिक, सामाजिक, साँस्कृतिक, आर्थिक,, राजनीतिक जस्ता बहुविध क्षेत्रमा रहेको विसङ्गति र विभेदको अन्त्यका लागि सुरथ जस्ता भूमिहीन, कमैया, बँधुवा मजदुरको शक्ति र नेतृत्व प्रभावकारी र उत्पादक हुने र त्यही नै सर्वहारा वर्गको सर्वोत्तम 'बाटो' हो भन्ने विशिष्ट सन्दर्भपरक अर्थलाई पुष्टि गरेको छ । कथाको अन्त्यमा कथाकारले प्रस्तुत गरेको '… पूर्वतिर आकाशमा उज्याले चढेजस्तो देखिन थालेको थियो (इस्माली, २०५२, पृ ७)' साक्ष्यले समस्त देशबासी एकजुट भएर परिवर्तन भइसकेको सामाजिक व्यवस्थामाथि प्रतिक्रान्तिकारीहरूले गर्न सक्ने प्रहारबाट प्रतिरक्षा गरी प्राप्त उपलब्धिलाई संस्थागत गर्दै त्यसलाई मार्गनिर्देशक सिद्धान्तका रूपमा लिई विभेद र विभाजनरहित समुन्नत समाजको आभाष अनुभूति हुन लागेको स्वर्णिम प्रभातको सन्दर्भलाई सङ्केत गर्दै कथाको समापन भएको छ ।

**कथामा क्रियाकलाप निर्मिति**

पाठमा पात्र वा लेखकका विषयवस्तु प्रस्तुतिका लागि गरिएका मुख्य क्रियाकलाप र उपक्रियाकलापका आधारमा अर्थको खोजी गर्ने कार्यलाई क्रियाकलाप निर्मिति भनिन्छ । लेखकको धारणा र पाठका क्रियाकलापबाट अर्थको खोजी क्रियाकलाप निर्मितिअन्तर्गत गरिन्छ । पाठमा सहभागीका माध्यमबाट क्रियाकलापलाई गति दिइएको हुन्छ । प्रस्तुत कथामा नेपालका मध्य तराईमा अवस्थित ग्रामीण क्षेत्रको सामाजिक क्रियाकलापभित्र परिवर्तित राजनीतिक सन्दर्भलाई आत्मसात गर्न नसकेका सामन्त वर्गले समाजमा रहेको आधिपत्य कायम राख्नका लागि तिनले गर्ने प्रयास र समाजलाई आफ्नो प्रत्येक क्रियाकलापको क्रीडास्थल बनाएको विगत तथा वर्तमान र आगतमा पनि त्यसको निरन्तरतासँग जोडिएको मुख्य क्रियाकलापसँग आफ्ना विरुद्ध उठ्ने आवाजको दमन, स्वार्थ सिद्धिका लागि फुट र जुटको प्रपञ्च, सामाजिक विभेद, वञ्चितीकरणको र निषेधको सामाजिक/राजनीतिक सन्दर्भ उपघटनाभित्र समेटिएर क्रियाकलापका रूपमा आएका छन् ।

देशमा राजनीतिक परिवर्तन भयो, सामन्तवादी निरङकुश निर्दलीय व्यवस्थाले निर्माण गरेका सामाजिक/राजनीतिक सांस्कृतिक विचारहरू औपचारिक रूपमा समाप्त भए पनि लामो समय शक्ति र सत्तामा रहेका सामन्तले आफ्नो वैचारिक इमान्दारितालाई परिवर्तन सापेक्ष लैजान सकेका छैनन् । उनीहरूमा सत्ताको लत लागेको छ र यसलाई निरन्तरता दिनका लागि उनीहरू जस्तोसुकै क्रियाकलाप गर्न पनि तयार रहेका छन् । सत्ता र शक्तिका लागि समुदायलाई विखण्डन गर्ने सामाजिक संरचनाभित्र वैरत्व सृजना गरेका सामन्त जनताको शक्ति आफ्ना विरुद्धमा फैलदै र विकसित बन्दै गरेको विचारका

कारण हतास बीचलित त बनेकै छन् साथै परिवर्तनले आफ्नो सत्ता, शाख र व्यक्तित्व गुम्ने भयले आत्तिएका पनि छन् । समाजमा निम्नवर्गीय कमैया, बँधुवा मजदुर, सुकुम्बासी, मोही जस्ता किनारीकृत समुदायलाई स्वतन्त्रता समानता र दासत्वबाट उन्मुक्तिको शिक्षा दिने रामागोसारथ मास्टरले समाजलाई नेतृत्व दिने निम्नवर्गीय आर्थिक अवस्था र दलित समुदायको सदस्य सुरथलाई चयन गरिएको छ । सुरथको माध्ययमबाट गरिब र मजदुरमा वर्गीय उन्मुक्तिको चेतना सञ्चार गरी समाजमा रहेको वर्गीय विभेद र सामन्तको शोषण/सत्ता, शक्तिलाई चुनौती दिने रामगोसारथले सुरथबाट साथ पाएको त छैनन् आपितु यही कारणबाट ज्यान गुमाउन पुगेको छ । समाजलाई स्वार्थ र शक्तिको क्रीडास्थल बनाएका सामन्त सामन्तले आफ्ना विरुद्ध जुनसुकै आवाज र क्रियाकलापलाई सहन त गरेका छैनन् नै आफ्ना विरुद्ध उठ्ने त्यस्ता आवाज र गतिविधि विरुद्ध सतर्कता पनि अपनाएका छन् । आफूभन्दा अघिल्ला पिंढीले मालिककै सेवा गरेर बिताएको जीवन पद्धतिलाई आफू र आउने पिंढीको लागि मार्गदर्शक ठानेको सुरथले रामगोसारथको आजादी र गुलामी शब्दको अर्थ बुझ्न सकेको छैन रामगोसारथले सञ्चालन गरेका परिवर्तनका प्रक्रियासम्बद्ध घटनाक्रम खेतखलिहानमा गएर मजदुरलाई भेट्ने, साहु र मालिकका बीचको सम्बन्ध र शोषण यहाँ छ भन्ने, साहुहरूले शोषण गर्ने प्रयोजनले निर्धाारण गरेका अधियाँ बटैया, ठेक्का, बेठबेगारको विरोध, मालिक मजदुर एकै हुन, जग्गा जोत्नेको हुन्छ भन्ने परिवर्तनकारी विचारधाराभित्र अवशिष्ट आजादी र गुलामीको सापेक्ष अर्थ बुझ्न नसकेको सुरथले मालिककै पक्ष लिंदा समाजमा विकसित बनेको परिवर्तनको विचारधारालाई सामन्तको कोपभाजनबाट बच्ने मौका मिलेको छैन ।

कथाको सामाजिक संरचना मूलतः २०४६ सालको राजनीतिक परिवर्तनपछि पुरानो र नयाँ व्यवस्थाको वैचारिक क्रियाकलापमा देखिएको सङ्क्रमणकालीन सन्दर्भसँग जोडिएको छ । मालिकसँगको सानिध्यले समाजका सबै समुदाय, सरकारी, कानुनी, प्रशासनिक निकायका कार्यप्रणालीप्रति जानकार रहेको सुरथको सामाजिक व्यक्तित्व उच्च रहेको छ । साहुको बँधुवा मजदुर भए पनि गाउँमा हुने प्रत्येक भौतिक/अभौतिक क्रियाकलापका बारेमा उसको राम्रो संज्ञान रहेको छ । समाजको अन्तर्तहसम्म सुरथको प्रभाव र सम्बन्ध रहेकै कारण उसले ठूलोमालिकको विश्वास जितेको छ भने मालिकहरूको अभ्यन्तर क्रियाकलापको साक्षी र प्रत्यक्षदर्शी पनि रहेको छ । सुरथले मालिकले गाउँमा वेश्यागमन गरेदेखि रामगोसारथको हत्या गराएसम्मका घटनाको साक्षी रहेर पनि स्वयंले देखेको, भोगेको र अनुभव गरेको सत्य उसको गलाभित्रै दबिएको र मालिकको शक्तिका सामु नतमस्तक भएर आत्मसमर्पण गरेको छ । मालिकहरू शक्तिको आडमा के मात्र गर्दैनन्, गाउँमा भएको वा गराइएको गैरन्यायिक हत्यालाई प्रभुत्वका आडमा सामान्यीकरण गर्ने सामन्तले गाउँका स्त्रीहरूको चीरहरण र व्यभिचारको शृङ्खलालाई समेत आफ्नो निजी जीवनसँग जोडेका छन् । भोगविलास र ऐयासी जीवन बिताउने मालिकको जीवनपद्धति कुनै शासकको भन्दा कम रहेको छैन ।

शक्ति पिपाशामा निर्लिप्त रहेका सामन्तहरू जनतामाथि शासन गर्नकै लागि फुट्ने र जुट्ने सिलसिलामा कुनै नौलो विषय होइन । सामन्तको अभिष्ट शासनसँग जोडिएको छ र उनीहरू जुनसुकै मूल्यमा पनि सत्ताले दिने शक्तिको उपयोगका लागि जेसुकै कार्य गर्न पनि पछि हट्दैनन् भन्ने घटनाको शृङ्खला सानो मालिक र सिंह मालिकको पार्टी एकताको घटनाको पुष्टि गरेको छ । ग्रामीण समुदायमा विस्तारित बन्दै गएको सामन्तवादी विचारधाराको विरोधबाट बच्न सामन्तले एक जुट हुने निर्णय गरे पनि समुदाय स्तरमा फैलिएको विद्रोही चेतनाको प्रकोपबाट बच्न उनीहरूका प्रयास निष्फल रहने

पूर्वाभासका रूपमा मालिकको पार्टी हुन्छ भने मजदुरको पार्टी पनि हुन्छ, सत्ताका लागि मालिकहरू फट्न र जुट्न सक्छन् भने सँधै मालिकका पुतलीका रूपमा नरही मजदुरको पार्टी हुन्छ भने सुरथ र अन्य गाउँलेमा हुर्किएको सशक्त प्रतिरोधी चेतना र कथाको अन्त्यमा आएको '... पूर्वतिर आकाशमा उज्याले चढेजस्तो देखिन थालेको थियो (इस्माली, २०५२, पृ ७)' लेखकीय दृष्टिकोणको साक्षले सर्वहाराको जीवन चेतनाको संवाहक र भविष्यका लागि आवलम्बन गर्नुपर्ने दिशानिर्देशको बोध गराई कथाको समापन भएको छ ।

### बाटो कथामा सामाजिक निर्मिति

साहित्यिक कृतिमा सामाजिक निर्मिति पाठमा रहेको राजनीतिक सन्दर्भका आधारमा अर्थको खोजी, शक्ति सम्बन्धका आधारमा पाठको अर्थ खोज्नु, पाठमा देखिएको प्रभुत्व वा वर्चस्व र अधीनस्थता, लिङ्ग, वर्ण, जात,  समुदाय, संस्कृतिको आधारमा अर्थमा सन्निहित रहने गर्दछ । सामाजिक निर्मितिले पाठमा रहेका राजनीतिक, आर्थिक सामाजिक, सांस्कृतिक र परम्परागत पद्धतिसमेतको विश्लेषण गर्दछ । यस कथाको सामाजिक निर्मिति असमान आर्थिक वितरण र शोषणका कारण सृजित विभेदजन्य अवस्थाका मात्तयमबाट प्रस्तुत भएको छ । यस कथामा  गैरसीमान्त चरित्रका रूपमा ठूलोमालिक, सानोमालिक र सिंहमालिक जस्ता पात्र प्रस्तुत गरिएका छन् । यी पात्रमध्ये मञ्चीय पात्रका रूपमा ठूलोमालिक प्रत्यक्ष साक्षत्कार छ भने अन्य पात्र नेपथ्य पात्रका रूपमा कथामा आएका छन् । गाउँको प्रधान, जूँगे पुलिसको हाकिम, हवल्दार र सिपाहीं, आदि पात्र गौण भूमिकामा कथामा प्रस्तुत गरिएका शासक वर्गका पात्र हुन् । सीमान्त चरित्रका रूपमा सुरथ सादा(मुसहर), रामगोसारथ, चेथरुलाल कर्ण क्रमशः मुख्य र सहायक भूमिकामा रहेका छन् । अन्य सीमान्त पात्रमा औरहीवाली (सुरथकी पत्नी), मास्टर्नी (रामगोसारथकी पत्नी), जग्गुलाल कापड, मञ्चीय तथा हात काटिएको भिखवा र बात लोकी चुल्हाईको दुलही नेपथ्य पात्रका रूपमा कथामा आएका छन् । वर्गीय प्रतिनिधित्वका दृष्टिले यस कथामा चयन गरिएका चयन शासक/शासित, शोषक/शोषित, दमक/दमित, मालिक/मजदुरजस्ता भूमिकामा वितरित छ । यस आधारमा कथाको वर्गीय प्रतिनिधित्वको सन्तुलन मिलेको छ । सामन्त कहाँ श्रम कार्य गरेर मात्र जीवन निर्वाह हुने किनारीकृत समुदायको जीवनशैली विभेद र वञ्चितीकरणबाट ग्रस्त रहेको छ । श्रम गरे जीवन चल्ने, नगरे भोकै बस्नुपर्ने सामाजिक विभेद र आर्थिक शोषण विभेदको प्रमाण हुन् ।

ठूलोमालिक, सानोमालिक र सिंहमालिक र पुलिस प्रशासनसम्बद्ध पात्रहरू यस कथामा उच्चजातीय प्रतिनिधित्व गर्ने पात्र हुन् । सुरथ सादा (मुसहर), रामगोसारथ, चेथरुलाल कर्ण क्रमशः मुख्य र सहायक भूमिकामा उपस्थित छन् । अन्य सीमान्त पात्रमा औरहीवाली (सुरथकी पत्नी), मास्टर्नी ( रामगोसारथकी पत्नी), जग्गुलाल कापड, लगायत मञ्चीय र अन्य नेपथ्यमा रहेका गाउँबासी पात्रहरू निचो जातिका पात्रका रूपमा चित्रण गरिएको छ । निचो जातिका पात्रले जमीन्दारको घरखेतमा श्रमकार्य गरी जीवन निर्वाह गर्नुपर्ने तथा मालिकका लागि जस्तोसुकै कार्य गर्नु पर्ने तथा तिनका लागि तिनकै आशयअनुसार फुट्न र जुट्न पनि तयार हुनु पर्ने, पुतली जस्तो उच्च जातिको इसारामा नाचिदिनु पर्ने सन्दर्भलाई कथाले प्रस्तुत गरेको छ । कथामा आएका किनारीकृत समुदायका पात्र जातीय आधारमा विभेद र वञ्चितीकरणको मारमा रहेका छन् । निम्न जातिको पृष्ठभूमि भएकै कारण हात काटिने, बात लाग्ने मात्र नभई रामगोसारथ जस्ता शिक्षित र वर्गीय सचेतना भएको पात्रले मर्नै पर्नेसम्मका घटनाले जातीय विभद र वञ्चितीकरणको साध्यलाई प्रमाणित गरेको छ ।

लैङ्गिक प्रतिनिधित्वका दृष्टिले कथामा ठूलोमालिक, सानोमालिक, सिंहमालिक, सुरथ, रामगोसारथ, चेथरु, जग्गुलाल, जस्ता पुरुष पात्र र मास्टर्नी, औरहीवाली र चुल्हाईकी दुलही आदि नारी पात्रको प्रस्तुति भएको छ । लैङ्गिक प्रतिनिधित्वका दृष्टिले कथामा नारी पात्रहरूको प्रयोग सङ्ख्यात्मक र कार्यभूमिका दुवै साक्ष्यमा सबल र सशक्त छैन । सामन्तवादी पितृसत्ताका कारण कथाका नारी पात्र पूर्णतः किनारीकृत गरिएका छन् । कथामा रामगोसारथकी पत्नी मास्टर्नीलाई कुनै नाम र पहिचान दिइएको छैन तथा सामन्तवादी सत्ताले उसको लोग्नेको हत्या गरी विधवा बनाएको छ । मास्टर्नी कथाकी  सबैभन्दा बढी सीमान्तीय पात्र हो जो पितृसत्ताका कारण आफ्ना जीवनको आधार गुमाएर पनि समाजमा अवस्थित वर्गीय विभेदको प्रतिवाद गर्ने पात्र हो । औरहीवाली र चुल्हाईकी दुलही जस्ता सूच्य नारी पात्रलाई पितृसत्ताले स्वतन्त्रताका नामका आधारमा पहिचानसमेत दिएको छैन । कथाका नारीपात्रको नाम पनि जन्मस्थान र लोग्नेको नामलाई पूर्वपद राखी प्रदान गरिनु विभेदको प्रष्ट सङ्केत र प्रमाणका रूपमा रहेका छ । यसका अतिरिक्त नारीपात्रलाई कथाको सहायक भूमिकामा समेत नअटाउनु विभेदीकरणको बलियो प्रमाण रहेको छ । कथामा मालिकका लागि छौंडी पट्याउने साक्ष्यले नारीलाई पितृसत्ताले भोग्याका रूपमा उपयोग र व्यवहार गरी विभेदको चरम दृष्टिकोणलाई पुष्टि गरेको छ । यस कथामा लैङ्गिक विभेद र वञ्चितीकरणको प्रवाह घनीभूत रूपमा भएको छ ।

'बाटो'  कथामा सांस्कृतिक र उपादेयता निर्मिति

पाठमा रहेको राजनीतिक सन्दर्भका आधारमा अर्थको खोजी, शक्ति सम्बन्धका आधारमा पाठको अर्थ खोज्न, पाठमा देखिएको प्रभुत्व वा वर्चस्व र अधीनस्थता, लिङ्ग, वर्ण, जात,  समुदाय, संस्कृतिको आधारमा अर्थको खोजी गरिन्छ । यस कथाले २०४६ सालको राजनीतिक परिवर्तनपछिको तराई क्षेत्रका ग्रामीण सामाजिकताको प्रतिनिधित्व गरेको छ । भौगोलिक प्रतिनिधित्वका दृष्टिले कथाले तराई क्षेत्रको ग्रामीण परिवेशलाई केन्द्रविन्दुमा राखेको छ । फुटेर पनि गाउँमा शासन चलाएर आफ्नो प्रभुत्वलाई कायम राखेका सामन्तले राजनीतिक परिवर्तनपछि समाजमा आफ्नो प्रभुत्वलाई अक्षुण्ण राख्न परस्परमा सन्धि गरेका छन् । जसरी पनि सत्ता नछाड्ने मानसिकताबाट अभिप्रेरित सामन्तले राजनीतिक स्वार्थकै कारण गाउँलाई दुई भागमा विभाजन गरेका छन् । देशमा भएको राजनीतिक परिवर्तन र गाउँलेमा विस्तारित हुँदै गएको वर्गीय र प्रतिरोधी चेतनाका कारण आफ्नो सत्ताले निरन्तरता नपाउने देखेपछि पार्टी एकता गरी आफैं सत्तामा बसिरहने राजनीतिक विचारधारालाई कथाले चित्रण गरेको छ । तराई भेगको ग्रामीण क्षेत्रमा अवस्थित जमीन्दारी प्रथा र तिनका आसपासमा रहेका कमैया, हलियाका रूपमा काम गर्ने मजदुरमाथि हुने शोषण र विभेदको यथार्थ उद्‌बोधन कथामा भएको छ । कथाको पूर्वार्द्धमा सामन्तवादी सत्ताले उत्पादन गरेको ज्ञान र अर्थले बलियो स्थान बनाएको छ । किनारीकृत वर्गमा मालिकभन्दा ठूलो कोही छैन र मालिक बिना हामी केही गर्न सक्दैनौ किनभने तिनका तीन पिंढीले मालिककै सेवाबाट जीवन बिताएको मानसिकताबाट ग्रस्त छ । शासित समुदायले सत्ताप्रदत्त विचारधाराको प्रसारणलाई बिना दबाव अभ्यन्तरीत रूपमा स्वीकार गरेका छन् । सत्ताद्वारा उत्पादित ज्ञानको प्रसारणप्रदत्त चरम दमनको प्रमाण रामगोसारथको हत्या रहेको छ । राजनीतिक परिवर्तनपछि पनि गाउँलाई आफ्नो अखडा ठन्ने सामन्तले परिवर्तनलाई आत्मसात गर्नसकेका छैनन् । समाजमा शासन गर्ने वुभुक्षाबाट ग्रस्त सामन्तले जनताको प्रतिकारको सामना गर्नुपूर्व नै एकताको नाममा सत्तामोहलाई निरन्तरता दिएका छन् । तिनको अभीष्ट मजदुरहरूको एकता र गाउँलेहरूमा फैलँदै गएको प्रतिरोधी चेतनाको सामना गरी सत्तालाई निरन्तरता दिनका लागि रहेको छ । समाजलाई विभाजन गरी सँधै सत्तासीन हुन चाहने सामन्तको विचारधारालाई बुझ्ेको मजदुर वर्गमा विस्तार हुँदै गएको वर्गीय

सचेतना र प्रतिरोधी विचारधाराको आगमनले समाजमा परिवर्तनका सङ्केत देखिँदै गएको सामाजिक/सांस्कृतिकताको प्रतिनिधिमूलक चित्रण कथामा भएको छ।

साहित्यिक पाठमा उपादेयता निर्मितिको प्रयोजन त्यसको सारतत्त्वसँग सम्बन्धित रहन्छ। प्रस्तुत कथामा उपादेयता निर्मिति कथान्तमा प्रस्तुत भएको छ। कथाको अन्तिम तथा सैंतीसौं अनुच्छेदले परिवर्तित राजनीतिक उपलब्धिको संस्थागत विकास, स्वतन्त्रता, समानता र विभेदरहित समाजको निर्माणका लागि तल्लो वर्गसमुदायको भूमिकालाई सङ्केत गरेको छ। जबसम्म समाजको पिछडिएको वर्गको उत्थान हुँदैन तबसम्म समाजमा जस्तोसुकै क्रान्तिले पनि परिवर्तन गर्न सक्दैन। समाजको परिवर्तनका लागि जबसम्म पिछडिएको वर्ग समानताका क्रियाकलापमा अग्रसर बन्दैन तबसम्म परिवर्तन नारामा मात्र सीमित रहन्छ, समाजको परिवर्तनको 'बाटो' बनेको वर्गीय मुक्ति र वर्गीय मुक्तिको दिशा भनेको समाजका सामन्ती विचारको बहिष्करण र विभेदमुक्त सामाजिक क्रियाकलापको 'बाटो' भन्ने अर्थलाई सन्दर्भसँग जोडेको छ। परिवर्तनकारी शक्तिको एकताबाट प्रतिक्रान्तिकारी शक्ति पराजित भए त्यो समाजको निर्माणका लागि बलियो आधार हुने र सो शक्तिका सामु जुनसुकै शक्तिशाली प्रतिक्रान्तिकारी शक्ति पराजित भई समतामूलक समाजको स्थापना हुने दृष्टिकोण अभिव्यञ्जित भएको यो अनुच्छेद कथाको निष्कर्षका रूपमा आएको छ। यस अनुच्छेदमा आएको त अप्रतिज्ञप्तिसूचक एकाइले विकसित, परिवर्तित र विभेदरहित समाजको स्थापना भई सबै वर्ग, जाति, समुदायसँगै राष्ट्रको उन्नति हुने सङ्केतको पुष्टि गरेको छ।

प्रस्तुत कथामा स्वतन्त्र सङ्केतका रूपमा आएको "बाटो" शब्दमा अवशिष्ट सङ्केतले गहन र विशिष्ट सन्दर्भलाई जोडेको छ। समाजमा परिवर्तन भइसकेको छ। राजनीतिक व्यवस्थाको परिवर्तनसँगै समाज विकासशील र रूपान्तरित भइसकेको अवस्थामा समाजका निम्नवर्गीय सुरथ जस्ता सर्वहाराले समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिक, सामाजिक, सांस्कृतिक, आर्थिक,, राजनीतिक जस्ता बहुविध क्षेत्रमा रहेको विसङ्गति र विभेदको अन्त्यका लागि सुरथ जस्ता भूमिहीन, कमैया, बँधुवा मजदुरको शक्ति र नेतृत्व प्रभावकारी र उत्पादक हुने र त्यही नै सर्वहारा वर्गको सर्वोत्तम 'बाटो' हो भन्ने विशिष्ट सन्दर्भपरक अर्थलाई पुष्टि गरेको छ।

## निष्कर्ष

प्रस्तुत 'बाटो' कथा नेपाली समाजमा विद्यमान सामाजिक र सांस्कृतिक समस्या तथा त्यसको सामाजिक जीवनमा प्रभावको विषय आख्यानीकरण भएको रचना हो। यस कथाको सङ्कथन निर्मिति पनि समाजमा रहेका शक्ति र अधिनस्थसमूह तथा त्यसका अन्तर्यमा घटिन हुने विभिन्न घटना सन्दर्भका साथै सत्तालाई आफूअनुकुल बनाउनका लागि सामाजिक संरचनामा हुने अभ्यन्तरलाई प्रस्तुत गर्ने विषयमा केन्द्रित छ। प्रस्तुत कथामा प्रतीकात्मक निर्मितिका रूपमा समाजमा घटेका घटना, चित्रित पात्र, तिनका अनुभव अनुभूति, क्रियाकलाप, स्थान, परिवेश, पाठमा आएका पद पदावली प्रसङ्ग र उदाहरणका आधारमा गरिएको छ। असन्तुलित आर्थिक वितरण तथा उत्पादन पद्धतिमा सामन्तको आधिपत्को आधीन आम नागरिक सामन्तकै इसारामा चल्नुपर्ने परिस्थिति सर्जिना भएको कथ्यविषय प्रस्तुत भएको यस कथामा सामाजिक र सांस्कृतिक सन्दर्भमा पात्रको प्रतिनिधित्व, तिनका बीचको शक्तिसम्बन्ध, पाठमा निहीत प्रभुत्व वा वर्चस्व र अधीनस्थता, लिङ्ग, वर्ण, जात, समुदाय र संस्कृति असमान रहेको तथ्य प्राप्त हुन्छ। कथामा शासक वर्गको प्रभुत्वका कारण रामगोसारथजस्ता परिवर्तन चाहने सचेत पात्र अधीनस्थ

तथा अन्त्यमा हत्यको सिकार हुनुपर्ने घटना प्रतीकात्मक दृष्टिले सामन्तवादको वर्चस्व रहेको सामाजिक संरचना तथा त्यहाँ हुने दमन र विभेदको तथ्यलाई पुष्टि गर्ने आधार हुन् ।

प्रस्तुत कथाले सामाजिक र संस्कृतिक निर्मितिका रूपमा सामन्तवादी विचारधारात्मक सामाजिक संस्कृतिलाई प्रतिबिम्बन गरेको छ । यस कथामा जमीन र उत्पादनमाथिको आधिपत्य र उच्चआर्थिक हैसियतका कारण सामाजको सत्तालाई आफ्नो बसमा राख्न सफल रहेका मालिकहरूकै इशारामा गाउँको कानुन, नीति, नियम, सामाजिकव्यवहार र संस्कृति सञ्चालित रहेका छन् । सिंह मालिक सङ्केतले समाजमा अवशिष्ट उसको विशेष पहिचान र दबदबालाई पुष्टि गरिएको छ । गाउँमा सर्वसाधारणका सन्तानलाई शिक्षा दिन खुलेका विद्यालय सामन्तको प्रभुत्वका कारण पढाउने शिक्षकको हत्यासँगै मालिकको खलिहानमा रूपान्तरित भएको छ । सामन्ती विचार र वृत्तिको अन्धसमर्थक रहेका मजदुरको चेतनामा तिनको भूमिका र जीवन चेतनाकै सापेक्षमा तिनका सन्तानको भूमिका परिवर्तन हुनु अवाञ्छित ठानेका मजदुरको स्थिर सोच तथा समाजको तल्लो तहसम्म शिक्षाको चेतना विस्तारित भई नसकेको समय सन्दर्भलाई यी सङ्केतले पुष्टि गर्दछन् ।

अभाव र जिजीविषाका लागि सङ्घर्षरत गाउँलेलाई शक्ति र पहुँचको आधारमा विभाजित गरी सामाजिक र राजनीतिक गतिविधि सञ्चालन गरेका सामन्तले देशमा भइसकेको राजनीतिक परिवर्तनलाई पनि स्वीकार तथा आत्मसात् गर्न सकेका छैनन् । राजनीतिक परिवर्तनले तर्सिएका सामन्त समाजमा रहेका शिक्षित र सचेत नागरिकसँग सन्त्रस्त र सजग रहेका छन् । समाख्याताले कथामा नेपालको पूर्वी तराईमा अवस्थित ग्रामीण क्षेत्रको सामाजिक क्रियाकलापभित्र परिवर्तित राजनीतिक सन्दर्भलाई आत्मसात् गर्न नसकेका सामन्त वर्गले समाजमा रहेको आधिपत्य कायम राख्नका लागि तिनले गर्ने प्रयास र समाजलाई आफ्नो प्रत्येक क्रियाकलापको क्रीडास्थल बनाएको विगत तथा वर्तमान र आगतमा पनि त्यसको निरन्तरतासँग जोडिएका मुख्य क्रियाकलापसँग आफ्ना विरुद्ध उठ्ने आवाजको दमन, स्वार्थ सिद्धिका लागि फुट र जुटको प्रपञ्च, सामाजिक विभेद, वञ्चितीकरणको र निषेधको सामाजिक/राजनीतिक सन्दर्भ उपघटनाभित्र समेटिएर क्रियाकलाप निर्मितिका रूपमा आएका छन् ।

जीवन निर्वाह गर्नुपर्ने तथा मालिकका लागि जस्तोसुकै कार्य गर्नुपर्ने तथा तिनका लागि तिनकै आशयअनुसार फुट्न र जुट्न पनि तयार हुनुपर्ने, पुतलीजस्तो उच्चजातिको इसारामा नाचिदिनु पर्ने सन्दर्भलाई सङ्कथन निर्मितिले सङ्केत गरेको छ । निम्नजातिको पृष्ठभूमि भएकै कारण हात काटिने, बात लाग्ने मात्रनभई रामगोसारथ जस्ता शिक्षित र वर्गीय सचेतनाभएको पात्रले मर्नै पर्नेसम्मका घटनाले जातीय विभेद र वञ्चितीकरणको साध्यलाई प्रमाणित गरेको छ । कथामा मालिकका लागि छौंडी पट्याउने साक्ष्यले नारीलाई पितृसत्ताले भोग्याका रूपमा उपयोग गरी लैङ्गिकविभेद र वञ्चितीकरणको सङ्कथन निर्मिति घनीभूत रूपमा प्रवाहित भएको छ । भौगोलिक प्रतिनिधित्वका दृष्टिले कथाले तराई क्षेत्रको ग्रामीण परिवेशलाई केन्द्रविन्दुमा राखेको छ । पाठमा प्रयुक्त समाजको परिवर्तनको 'बाटो' बनेको वर्गीय मुक्ति र वर्गीय मुक्तिको दिशा भनेको समाजका सामन्ती विचारको बहिष्करण र विभेदमुक्त सामाजिक क्रियाकलापको 'बाटो' भन्ने अर्थलाई सन्दर्भसँग जोडेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची

इस्माली, (२०५२). काट् जर्किन डि, साभ्का प्रकाशन ।

एटम, नेत्र (२०७४). सङ्क्षिप्त साहित्यिक शब्दकोश. नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, देवीप्रसाद. (२०६८). सङकथन विश्लेषण.रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड, (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), रत्न पुस्तक भण्डार पृ. ५७१-५९१ ।

Gallagar, T. & H. Craig (1987). An investigation of pragmatic connectives with preschool peer interaction. *Journal of pragmatics*, Vol. 11(1), Pp. 27-37.

Gee, J. P. (2011). *An Introduction to Discourse Analysis, Theory & Method* (3rdedn.), Routledge.

Haritage, J. & M. Sorjonen (1994). 'Constituing and manting activities across sequences: and prefacing'. *Language in Society*, 23(1), Pp. 1-29.

Levinson, S. (1983). *Principles of Pragmatics*, Cambridge University Press.

Schiffrin, D. (1992). 'Anaphoric then: aspectual, textual and epistemic meaning'. *Linguistics 30(4), Pp 753-92.*

Schiffrin, D. (2001). 'Discourse makers: Language, Meaning & Context'. *The Handbook of Discourse Analysis*, (Edt. Deborah Schiffrin, Deborah Tannen &Heidi E. Hamilton, SAGE

Widoson, D. (1995). 'Discourse Analysis: a critical view.'. *Language & Literature,* 4(3), Pp 157-72.